# लक्ष्मीनियाँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# लक्ष्मीनियाँ बजार, धनुषा
# मधेश प्रदेश, नेपाल

दशौं गाउँ सभामा गाउँपालिका
अध्क्षय श्री भोगेन्द्र मिश्र ज्यूद्वारा प्रस्तुत

## आ.व : २०७९।०८०
को
## नीति तथा कार्यक्रम

## मिति : २०७९ अषाढ १० गते



भोगेन्द्र मिश्र

# लक्ष्मीनियाँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लक्ष्मीनियाँ बजार, धनुषा

## मधेश प्रदेश, नेपाल

दशौं गाउँ सभामा गाउँपालिका अध्क्षय श्री भोगेन्द्र मिश्र ज्यूद्वारा प्रस्तुत

आ.व २०७९।०८०

को

नीति तथा कार्यक्रम

मिति : २०७९ अषाढ १० गते

.....................................................................................................

लक्ष्मीनियाँ गाउँपालिकी उपाध्यक्ष श्री फुल कुमारी यादवनी ज्यू,

प्रमुख प्रशासकीय अधिकृत श्री नागेन्द्र यादव ज्यू,

वडा अध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु,

गाउँ सभा सदस्य ज्यूहरु,

विभिन्न कार्यालयबाट पाल्नु भएका कार्यालय प्रमुख ज्यूहरु,

लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय अर्न्तगतका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,

संचारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु लगायत यस सभामा उपस्थित सम्पुर्ण राजनैतिक दलका प्रतिनीधिहरु, समाजसेवी, अतिथी तथा महानुभावहरु,



भोगेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner

नेपालको संविधान, २०७२ बमोजिक स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पन्न भई नवनिर्वाचित जनप्रतिनिधिहरुले देश र जनता प्रति बफादार रही सदैव जनताको हकहितको संरक्षण तथा पोषण गर्ने शपथ लिई आज यस सभामा उपस्थित भएको अवस्थामा परिवर्तन पश्चातको यो घडीमा उभिएर संविधानले परिकल्पना गरेको दिगो शान्ति एवं हामी सबैले अपेक्षा गरेको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्यलाई आत्मसात गरी लक्ष्मीनियाँ गाउँपालिकाको दिगो विकास र समृद्धिको लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरुको माझ उभिएको छु ।

यस गरिमामय अवसरमा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निमार्णको क्रममा आफ्नो जिवन उत्सर्ग गर्ने महान ज्ञातअज्ञात सहीदहरु प्रती श्रद्धासुमनका साथ भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथै विभिन्न आन्दोलनमा घाइते भएकाहरुको स्वास्थ्यलाभको कामना गर्दै वेपत्ता नागरीकहरु प्रति सम्मान प्रकट गर्दछु र आजको मिति सम्म सहयात्रामा हिड्नु हुने सबै पेशाकर्मी , नागरिक समाज,वुद्धीजिवी तथा यस लक्ष्मीनियाँ गाउँपालिकाका आम नागरिकलाई विशेष स्मरण गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान प्रदत्त स्थानीय तहका अधिकारहरु, नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्धौं आवधिक योजना, यस गाउँपालिकाका वार्षिक नीति तथा कार्यक्रमहरु, दिगो विकासका लक्ष्यहरु, पूर्व बजेट छलफलका क्रममा सभा सदस्य ज्यूहरुले प्रदान गर्नुभएका रचनात्मक सुझावहरु, विभिन्न विद्वान एवम् सरोकारवालाहरु बाट प्राप्त राय सुझाव एवम् यस गाउँपालिकाबाट विगतमा भएका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाको प्रमुख मार्गदर्शनको रुपमा लिएको छु ।

कोभिड-१९ माहामारीको कारणले गर्दा देशको सेवा व्यवसाय, औद्योगिक उत्पादन, रोजगारी र विप्रेषणमा आएको कमीले गर्दा अर्थतन्त्रमा शिथिलता आएको कुरा विदितै छ । यसै बिच अन्तर्राष्ट्रिय भू-राजनीतिक संकटले गर्दा इन्धन लगायत अन्य सामग्रीहरुको अत्यधिक मूल्यवृद्धिले गर्दा हाम्रो अर्थतन्त्रमा थप चुनौती सृजना भएको तथ्य सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

अर्थतन्त्रको चुनौतिलाई सामना गर्न र सम्मुनत, समृद्ध लक्ष्मीनियाँ गाउँपालिका निर्माणको आकांक्षालाई पूरा गर्न उपलब्ध जनशक्ति र उर्वर कृषि भूमिको सही सदुपयोग गर्दै उद्यमशिलता विकास, लगानी अभिवृद्धि र सेवा व्यवसाय प्रवर्द्धनको माध्यमबाट गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउनुको साथै नागरिकहरुको विकास र समृद्धिको आकांक्षालाई सम्वोधन गर्नेमा विश्वस्त छु ।

स्थानीय तहको निर्वाचन पश्चात गठन भएको जनप्रतिनिधि मुलक यस गरीमामय सभामा नीति तथा कार्यक्रम लिएर उपस्थित भएको छु। विगतका वर्षहरुमा हामीले लिएका नीति तथा कार्यक्रमले यस लक्ष्मीनियाँ गाउँपालिकाको विकास वैज्ञानिक तवरले मापन योग्य र अनुमान



गोविन्द मिश्र
(अध्यक्ष)

CamScanner

योग्य तवरबाट अगाडि बढेको मेरो विश्वास रहेको छ । अघिल्लो वर्षमा लिएका नीति तथा कार्यक्रम करिब ८० प्रतिशत पुरा भएका छन् । धिमी गतिको विकास कममा रहेको हाम्रो समाज हामिले लिएका नीति तथा कार्यक्रम एवम बजेटले गति लिनुका साथै जनतामा आशाको किरण छाएको हाम्रो विश्वास रहेको छ । यस अवधिमा गाउँपालिका बासीहरु आधारभुत विकासका पुर्वाधारहरुबाट लाभान्वित हुन सकेका छन् । सबै वडाहरु सडक सञ्जालले जोडिएको छ । दुई वर्ष देखि हैन्डपाईप जडान योजनाले खानेपानीको समस्या निमुर्ल गरेको विश्वास रहेको छ । कृषि, शिक्षा, स्वास्थ्य तथा पशु सेवामा उल्लेखनिय कार्यक्रम गत आ.व मा पर्न नसकेको महसुस गर्दै यसपालिको नीति तथा कार्यक्रममा पर्याप्त ठाउँ दिएको छु ।

नीतिगत स्पष्टता, कार्य जिम्मेवारीको बोध कर्मचारी संयन्त्रको सुदृढीकरण, जनशक्ति व्यवस्थापन, एवं पुर्वाधार क्षेत्रको विकासले प्रभावकारी रुपमा आफ्नो दायित्व बहन गर्न टेवा पुगेको छ । हामीले तय गरेका विकासका प्राथमिकताहरु पुरा हुँदै गएका छन् । यद्यपि आगामी दिनहरुमा हामीले लिने विकासका नीति एवं कार्यक्रमलाई दिगो र परिणाममुखि बनाउँदै लैजानु उत्तिकै चुनौतीपूर्ण समेत रेहको छ ।

गाउँ सभा सदस्य ज्यूहरु,

अव म आर्थिक वर्ष २०७९/०८० को यस लक्ष्मीनियाँ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय एवं प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारको राष्ट्रिय एवं अर्न्तराष्ट्रिय जगतमा प्रतिवद्धता जनाएको विषयहरु, दिगो विकासका लक्ष्य एवं आम लक्ष्मीनियाँ बासीका ईच्छा, आकांछा र विकासका चाहना नै यस नीति तथा कार्यक्रमको मागदर्शन हुन । यस लक्ष्मीनियाँ गाउँपालिकाको वास्तविक आवश्यकतालाई सम्बोधन गर्न छिटो छरितो र प्रतिफल युक्त विकासलाई प्रवद्धन गर्न र न्यून श्रोतबाट अधिकतम क्षेत्र समेटन यस नीति तथा कार्यक्रमको मुख्य ध्येय रहेको छ । कार्यन्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी आम नागरिकमा भ्रम फैलाउन र नीति तथा कार्यक्रमलाई विकासको मोटो दस्तावेज बनाउनु भन्दा कार्यन्वयन योग्य संक्षिप्त योजना र कार्यक्रमको गोजीपात्रो बनाउनु मेरो मुख्य लक्ष्य रहेको छ । यस गरिमामय सभामा यहाँहरु समक्ष आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म लगायत यस गाउँपालिकाको सम्पूर्ण परिवारलाई नै गर्व महसुस भईरहेको छ ।

**बजेटका प्राथमिकताहरु निम्न अनुसार तय गरेको छु ।**

- कृषिक्षेत्रको रुपान्तरण :- निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक खेती प्रणालीको रुपमा रुपान्तरणको जग बसाल्ने,



योगेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner

- सार्वजनिक निजी साझेदारी मार्फत पुँजी, सिप र प्रविधिमा लगानी अभिवृद्धि गर्दै रोजगारको अवसर सृजना गर्ने,
- मानव संशाधन विकास,
- सामाजिक न्याय तथा सशक्तिकरण,
- भौतिक पूर्वाधार निर्माणमा जोड,
- उद्योग र पर्यटनको विकास,
- पर्यावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन र जोखिम न्यूनीकरण,
- जनमुखी सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन ।
- शिक्षाको बहुआयामिक विकास तथा बृहत्त स्वास्थ्य सेवाको सहज र सुलभ पहुँच ।

## रणनितिहरु

१. लक्ष्मीनियाँ गाउँपालिकाले गाउँको सर्वोत्तममुखी विकासका लागि विभिन्न चरणहरु पार गर्दै सु-संस्कृत, आधुनिक, स्वच्छ , सुन्दर, स्वस्थ्य र सक्षम गाउँको रुपमा स्थापित गर्न बहुआयामिक र दिगो विकासको माध्यमद्वारा स्थानीय पूर्वाधार विकास, लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक सशक्तिकरण र विकासको मूलप्रवाहमा समाहित हुन नसकेका समुदायको सबलीकरण गर्दै गाउँको विकास अभियानलाई अगाडि बढाउँदै आएको कुरा सर्व विदितै छ ।

२. जनताहरुको सिधा-प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय सरकार हो । स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यलाई गुणस्तरीय एवं नतिजामुखी बनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई उच्च प्राथमिकता दिइने छ । उपलब्ध श्रोत र साधनको उच्चतम परिचालनबाट भौतिक विकासका साथै गाउँपालिकाबाट प्रदान गरिने सेवा र सुविधाहरुमा कुनै कमी/कमजोरी नहोस् भन्ने कुरामा सिङ्गो गाउँपालिका सदैव सचेत रहनेछ ।

३. यसलाई दृष्टिगत गरी प्रस्तुत नीति तथा कार्यक्रम स्थानीय सरकार संचालन ऐन, २०७४ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोगको मार्गदर्शन र निर्देशन तथा नेपाल सरकारबाट समय समयमा जारी भएका नीतिगत मार्गदर्शनको सिमाभित्र रही तयार गरिएको छ ।

४. विषय क्षेत्रगत गुरुयोजनाको कार्यान्वयन, गरिबी न्यूनिकरण, सरसफाई तथा फोहोर व्यवस्थापन, सडक सुधार तथा ढल निर्माण, विद्युतीकरण, हरियाली प्रवर्द्धन तथा वातावरण



भोगेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner

संरक्षण र पर्यटन पूर्वाधारको विकास जस्ता योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ ।

५. लक्ष्मीनियाँ गाउँपालिकाले लोकतन्त्रको सुदृढिकरण, लोकतन्त्रका लाभहरूको न्यायोचित वितरण, लैंगिक समानता र समावेशी विकास तथा वञ्चितिकरणमा परेका समुदायको सबलीकरण मार्फत गाउँको सर्वोत्तममुखी विकासलाई अगाडि बढाउने प्रयत्न गरिनेछ ।

६. यस पृष्ठभूमिमा आ.व. ०७९/०८० को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय जनसहभागिता, सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको सशक्तिकरण, गरिबी न्यूनीकरण, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार, सबैको लागि शिक्षा स्थानीय पूर्वाधार सेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन, पारदर्शिता र जवाफदेहिता एवं सूचना मैत्री विकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ ।

७. गाउँ क्षेत्रको स्थानीय पूर्वाधार एवं आर्थिक सामाजिक विकासमा पछि परेका वडाहरुमा गाउँ स्तरिय यातायात गुरुयोजना, ग्रामिण विकास आवास गुरुयोजना अनुसार सडक तथा नाला निर्माण, सौर्यबत्ति जडान, सास्कृतिक प्रवर्द्धन गर्न मठ, मन्दिर लगायतका पूर्वाधार विकासलाई निरन्तरता दिईनेछ ।

८. आयोजनाहरु संचालन गर्दा आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाईन, ड्रईङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन, सुपरिवेक्षण, अनुगमन, मुल्याङकन, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन जस्ता विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

९. योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडा भेलाहरुबाट सिफारिस भई आएका र एकिकृत योजना तर्जुमा समितिबाट प्राथमिकतामा राखी छनौट भएका कार्यक्रम तथा योजनाहरुलाई उपलब्ध श्रोत साधन र स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।

१०. "स्थानीय कर स्थानीय विकासको लागि" भन्ने मुल ध्येयका साथ कर संकलन र करदाता वृद्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यसका लागि करदाता मैत्री प्रशासनमा जोड दिई सचेतना कार्यक्रम, सूचना सम्प्रेषण, करदाता घर दैलो कार्यक्रम र करदाता मैत्री व्यवहारको विकासमा जोड दिइनेछ । यस्ता कार्यक्रम सञ्चालन गर्दा सम्पूर्ण गाउँवासीहरुको तर्फवाट सद्भाव र सहयोग प्राप्त हुने विश्वास लिएको छ ।



भोगेन्द्र मिश्र
(अध्यक्ष)

११.सहकार्य गर्ने निकाय सगँको साझेदारीमा जैविक मल उत्पादन योजना तथा कार्यक्रमहरुलाई क्रमश: अगाडि बढाइने छ । यसको सफल कार्यान्वयनबाट लक्ष्मीनियाँ गाउँपालिका क्षेत्रमा कृषि उत्पादनमा वृद्धि हुने अपेक्षा गरेको छ ।

१२.लक्ष्मीनियाँ गाउँक्षेत्रमा योजना तथा कार्यक्रम संचालनमा महिला, बालबालिका, आदिवासी जनजाति, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग तथा क्षेत्र, जेष्ठ नागरिक, दलित, फरक क्षमता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम तथा पिछडा वर्ग,लैंगिक अल्पसंख्यक आदिको विकास र उत्थानका निम्ति विशेष जोड दिईएकोले लक्ष्य प्राप्तिमा समेत उपयोगी सिद्ध हुने विश्वास लिएको छु ।

**अब म विषयगत आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**क) कृषि**

- विश्वमै Covid-19 रोगको महामारीले निम्त्याएको संकटले पनि कृषिमा आत्म निर्भरताको यथार्थलाई पहिचान गरेको छ । दिर्घकालीन रुपमा लक्ष्मीनियाँ गाउँपालिकाको समृद्धिका लागि कृषि क्षेत्रलाई मुख्य प्राथमिकता दिएको छ । कृषिमा आधुनिकीकरण भित्र्याउने सामुहिक वा एकल रुपमा हरेक किसानलाई आत्मनिर्भर बनाउन कृषिको व्यवसायीकरण गरिनेछ । आवश्यकता अनुसार कृषि नीति तथा योजना बनाई कार्यान्वयन गरिनेछ ।
- उन्नत जातका विउविजन ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- पोषण कार्यक्रम अन्तर्गत बृहत पोषण प्याकेजको तालीम प्राप्त हाम्रो स्वास्थयकर्मी एवं स्वयमसेवीकाहरु बाट पौष्टिक स्तरका बालीहरु उत्पादनका लागि विशेष चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- किसानहरुलाई आवश्यक पर्ने मल तथा खाद्य उचित समयमै उपलब्ध गराइनुका साथै रसायनिक मलको प्रयोगलाई विस्तारै विस्थापित गरी प्राङगारिक तथा जैविक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- सिंचाई सुविधाको लागि डिप ट्युबवेलको व्यवस्थामा जोड दिईनेछ ।
- बिग्ही नदीमा ड्याम निर्माणको लागि विशेष पहल गरिनेछ ।



नागेन्द्र मिश्रा
(अध्यक्ष)

- बाली बिमाका लागि पहल तथा किसानहरु समक्ष सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उत्पादको बजारमा सहज पहुँच सुनिश्चित गर्न सडक निर्माणमा विशेष जोड दिईनेछ ।
- सहकारी खेतीमा विशेष जोड दिईनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत प्रतिस्पर्धात्मक कृषिको अवधारण लागू गरिनेछ ।
- कृषकको आवश्यकता अनुसार  अन्तर जिल्ला  स्तरीय कृषक अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- Covid-19 को महामारीका कारणबाट रोजगारी गुमाएका व्यक्तिहरुका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी दिन स्वरोजगारीका गतिविधि अघि बढाइंने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गा.पा.को विभिन्न वडामा उपलब्ध ऐलानी जग्गामा बृक्षारोपन गरि युवाहरुलाई स्वरोजगार बनाइनेछ ।
- कृषिलाई प्रथमिकता दिने वित्तिय संस्थालाई विस्तारिकरणका लागि गाउँपालिकाले सहजिकरण गर्नेछ ।
- वित्तिय संस्थाहरुलाई कृषिमा लगानी गर्नका लागि सम्नवय गरिनेछ ।

## ख) पशु सेवा

- प्रत्येक वडामा अनिवार्य रुपमा पशु स्वास्थ्य शिविर संचालनमा ल्याईनेछ ।
- पशु Vaccination कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- गाई,भैंसी, बाख्रा, हाँस, बंगुर, कुखुरा तथा माछापालन सम्वन्धि विशेष कार्यक्रम संचलनमा ल्याईनेछ ।

## ग) उद्योग तथा वाणिज्य

- उद्योग व्यवसाय दर्ता तथा करदाता शिक्षा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- वर्षाको बखतमा हिलेयाम हुने हाम्रो हाट बजारहरुलाई यस पालि अनिवार्य रुपमा कम्तीमा ढलान र फोहर मैलाको उचित व्यस्थापन गरिनेछ ।
- बजार अनुगमनलाई विशेष रुपमा कार्यन्वयनमा ल्याईनेछ ।



योगेन्द्र मिश्र
(अध्यक्ष)

- आगामी वर्ष देखि फोहर मैलाको व्यवस्थापन पुर्ण रुपमा सुचारु गरि मल उत्पादन केन्द्रको स्थापना गरी युवा रोजगार कार्यक्रम लागु गरिनेछ ।

## घ) पर्यटन तथा संस्कृति

- सांस्कृतिक क्षेत्रको रुपमा रहेको कचनवन तथा लक्ष्मीनियाँमाई मन्दिरको सौन्दर्यीकरण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्नको लागि विद्यमान धार्मिक तथा सांस्कृतिक स्थलहरुको मर्मत सम्भार र सौन्दर्यीकरण नयाँ मठ ,मन्दिर ,मस्जीद ,पोखरीहरुको निर्माण गरिने छ ।
- पिकनिक स्पट, बगैचा, फन पार्क, क्रिडास्थल लगायत पर्यटकलाई आकर्षित गर्ने पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

## ङ) सहकारी

- सहकारीका सात सिद्धान्तको मर्मलाई आत्मसाथ गर्दै गाउँपालिका भित्र रहेका सहकारीहरुको स्तरीयकरण तथा सवलीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । साथै सहकारीको नाममा समाजको शोषन गर्ने र मान्यता अनुरुप कार्य नगर्ने सहकारीहरुलाई नियमन एवं कारवाही गरिनेछ ।
- कृषि सहकारीमा जोड दिदै त्यसलाई व्यवसायीकरण संग आवद्ध तुल्याईने छ ।
- सहकारी संस्थाहरुको सहकार्यमा सामाजिक विकासका कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी मार्फत खाद्यान्न पसल संचालनमा जोड दिईनेछ ।
- गाउँपालिकामा सक्रिय सहकारी संस्थाहरुको कार्यक्षेत्र विस्तार गरिनेछ ।

## च) सामाजिक विकास

### १. शिक्षा

- तीन वर्ष भित्र पूर्ण साक्षर गाउँको रुपमा घोषणा गर्ने कार्य अभियानको रुपमा सञ्चालन गरिनेछ ।



योगेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner

- लक्ष्मीनियाँ गाउँपालिका भित्रका घर परिवारहरुलाई बलबालिका शिक्षा अनिवार्य गरिनेछ । बालबालिकालाई विद्यालय पढ्न नपठाउने घर परिवारलाई गा.पा.बाट पाउने सम्पूर्ण सेवा सुविधाबाट बन्चित गरिनेछ ।
- किशोरीहरुलाई प्रविधिक शिक्षातिर्फ आकर्षित गर्ने किसिमका कार्यक्रम संचालन गरिने छ ।
- "सबैका लागि निःशुल्क र गुणस्तरीय शिक्षा हाम्रो प्रतिवद्धता" नाराका साथ महिलाहरुलाई अनौपचारिक शिक्षा लिने तर्फ प्रेरित गरिनेछ ।
- दरबन्दी नभएका तथा न्यून दरवन्दी भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ ।
- विद्यालय जाने सम्पुर्ण बालबालिकाहरुलाई विद्यालयमुखि बनाउनका लागी शैक्षिक सामाग्री लगायतका अन्य क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ ।
- भौतिक पूर्वाधार र ठाउँको उपलब्धता भएको विद्यालयहरुमा बगैंचा निर्माण गरिनेछ ।
- विद्यालयको निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि अनुगमन संयन्त्र बनाईनेछ ।
- ई-हाजिरीको कार्यन्वयनका लागि निर्देशिका बनाई कडा रुपमा कार्यान्वयन गरिनेछ ।
- विद्यालयहरुमा संचालनमा रहेको दिवा खाजाको गुणस्तरीयता र पोषणयुक्तता सुनिश्चित गरिनेछ ।
- विद्यालयको शैक्षिक गतिविधिको सम्बन्धमा भए गरेको प्रगतिको समिक्षा गर्न अनिवार्य मासिक रुपमा प्र.अ. बैठक बस्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक विद्यालयमा एक जना शिक्षकलाई प्राथमिक उपचार सम्बन्धि तालिम दिई किट बक्स उपलब्ध गराई सेवा प्रदान गर्न प्रेरित गरिनेछ ।
- समग्रमा एस.ई.ई. मा गाउँपालिका भित्रका सामुदायिक मा.वि. र आ.वि. मध्येबाट सबैभन्दा उत्कृष्ट नतिजा ल्याउने एक विद्यालयलाई पुरस्कृत गरिनेछ ।
- भौतिक पूर्वाधार कमजोर भएको विद्यालयहरुमा पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरी दुरुस्त बनाईनेछ ।
- गाउँपालिका भित्रका समुदायिक विद्यालयहरु मध्ये आ.वि. अन्तर्गत कक्षा एकबाट अङ्ग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरु मध्ये कम्तीमा एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा घोषना गरिनेछ ।



ओमेन्द्र मिश्र
(अध्यक्ष)

२. स्वास्थ्य

लक्ष्मीनियाँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

- यथाशिघ्र एम्बुलेन्स खरिद गरी सेवाग्राहीहरुलाई गाउँपालिका सिमाना भित्र तथा जनकपुर सम्मका लागि एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराईनेछ ।
- क्षयरोग मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा आउने ओ.पि.डी. बिरामी संख्याको आधारमा स्वास्थ्य संस्थाहरुलाई अनुदान दिईनेछ ।
- उत्कृष्ठ सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई पुरस्कृत गरिँदै लगिनेछ । महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई प्रोत्साहनका कार्यकमलाई निरन्तरता दिइनेछ ।
- पुर्वाधार पुगेका स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर स्थापना गरिनुका साथै हाल सञ्चालनमा रहेका बर्थिङ सेन्टरहरुमा सेवाको उपलब्धतालाई थप प्रभावकारी बनाईनेछ ।
- आधारभूत स्वास्थ्य सेवाको विस्तार र पोषण कार्यक्रम संचालन गरिनेछ ।
- विशेषज्ञ सेवा सहितको बृहत्त स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।
- पूर्वाधारको अभाव रहेको स्वास्थ्य संस्थाहरुमा पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।
- आधारभूत स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्न जिल्ला स्वास्थ्य कार्यालय तथा अस्पतालहरु सँग समन्वय गरि गाउँ/घर क्लिनिक जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकामा जनकपुर आयुर्वेदिक अस्पतालको समन्वयमा स्थापना भएको नागरिक आरोग्य केन्द्रको लागि आवश्यक औषधिको व्यवस्था गरी सेवालाई विस्तार गर्दै लगिनेछ ।

### ३. युवा तथा खेलकूद

- किशोर किशोरी मैत्री गाउँपालिका बनाउनका लागि सरोकारवालाहरुको सहकार्यमा किशोर किशोरी लक्षित कार्यकमलाई प्राथमिकता दिइनेछ ।
- विद्यालयहरुमा खेलकुद प्रोत्साहन गर्नका लागि खेलकुद सामाग्री वितरण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताहरु अन्तर्गत सहीद दिलिप क्रिकेट प्रतियोगितालाई निरन्तरता दिइनेछ ।



गोविन्द तिवारी
(अध्यक्ष)

CamScanner

- युवा वर्गलाई खेलकूदको माध्यमबाट स्वस्थ जीवनशैली निर्माण तथा खेलकुदका लागि पूर्वाधार विकास गर्नुका साथै खेल र खेलाडीहरुलाई उत्साहित र क्रियाशील बनाउने खालका विभिन्न खेलकुद कार्यक्रम संचालन गरिनेछ।
- बालबालिका तथा युवाको चौतर्फि व्यक्तित्व विकासका लागि वादविवाद, वक्तृत्वकला, हाजिरी जवाफ, निबन्ध लेखन, नृत्य लगायतका प्रतियोगिताहरु संचालन गरिनेछ।

**४.खानेपानी तथा सरसफाई**

- खानेपानी सम्बन्धी आयोजना संचालन गर्न प्राथमिकता दिईनेछ।
- वडा स्तरीय पूर्ण सरसफाई कार्यक्रम कार्यनवयनमा ल्याईनेछ।
- खानेपानी स्वच्छताका लागि स्थानीय साझेदार कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।

**५.अन्य**

- ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक मठ-मन्दिर, जस्ता धरोहरको संरक्षण र विकास कार्यलाई प्रभावकारी बनाइनेछ।
- सार्वजनिक पर्ती जग्गाहरुको संरक्षण गर्ने र ती क्षेत्रहरुको अधिकतम उपयोग गर्न खेलकुद मैदान, प्राथमिक स्वास्थ्य केन्द्र, व्यवसायिक पूर्वाधार योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- उपभोक्ताहरुको हित संरक्षणका लागि खाद्य पदार्थमा गुणस्तर कायम गर्न, खाद्य मिसावट नियन्त्रण गर्ने, मासु जन्य पदार्थको बिक्री वितरणलाई व्यवस्थित गर्ने, स्वास्थ्य क्षेत्रमा हैजा, डेंगु, मलेरिया जस्ता महामारी नियन्त्रणका लागि स्वास्थ्यकर्मीहरुलाई परिचालन र सक्रिय बनाइनेछ।
- बालबालिकाहरुको नैसर्गिक अधिकार सुनिश्चित गर्दै बालबालिकाहरुको विकाससँग सम्बन्धित सूचक सहितको वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- वालश्रम न्यूनीकरण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
- पाँच वर्ष मुनिका बालबालिकाहरुलाई दिनुपर्ने सबै किसिमका खोप दिने कार्य अभियानको रुपमा सञ्चालन गरिनेछ।



नागेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner

- महिला, बालबालिका, पिछडिएका क्षेत्र र वर्गका समुदायका लागि सुत्रमा आधारित बजेट विनियोजन गरि आर्थिक तथा सामाजिक विकास सम्वन्धि सीप तथा क्षमता विकास र रोजगारी प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- लैंगिक विकास र सामाजिक समावेशीकरणको माध्यमबाट लक्षित वर्ग उन्मुख कार्यक्रम संचालन गरिनेछ ।

## छ.) लैंगिक समानता र समावेशिकरण

- जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- गरिब, विपन्न, जेहेनदार, दलित बालबालिका तथा छात्राहरु पहिचान गरि कक्षा ११ र १२ मा नि:शुल्क पढाउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- मुसहर, डोम, धनीकार, हलखोर जातीबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्ये एस.ई.ई.मा सबैभन्दा बढी अंक प्राप्त गर्ने एक जना छात्र तथा एक जना छात्रालाई छात्रवृति/प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ ।
- महिलाहरुको नेतृत्व क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिलाहरु माथि हुने विभेद, घरेलु हिंसालाई सम्बोधन गर्न पीडित महिला संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- पाठेघर सम्बन्धी समस्या भएका महिलाहरुको लागि नि:शुल्क शिविर संचालन गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण सेवा सुविधा लगायतका सबै क्षेत्रमा लक्षित वर्गको सम्मानजनक उपस्थिति गराउने नीति अवलम्बन गरिनेछ ।
- न्यायिक समिति अन्तर्गतका वडा स्तरिय मेलमिलापकर्ताहरुको सूचीकरण गरी क्षमता विकासका लागि सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम संचालनमा ल्याईनेछ ।

## ज.) भौतिक तथा पूर्वाधार विकास

- आधारभूत १५ सैया अस्पताल निर्माणका लागि जगगाको सुनिश्चितता गरी स्वीकृतिका लागि स्वास्थ्य मन्त्रालयमा पठाईनेछ ।



भोगेन्द्र मिश्र
(अध्यक्ष)

- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यविधि अनुसार जग्गा सुनिश्चित गरी स्वीकृतिको लागि पठाईनेछ।
- सडक बत्ती सुधार, सौर्यबत्तीको विस्तार तथा विद्युतिकरण कार्यक्रम संचालन गरिनेछ।
- भवन निर्माण संहिताको कार्यान्वयनमा जोड तथा नयाँ प्रविधियुक्त भूकम्प प्रतिरोधी भवन निर्माणमा उच्च प्राथमिकता दिइनेछ।
- आधारभूत पूर्वाधार विकासमा जोड दिँदै सडक, नाला तथा ढल, खानेपानी, विद्युत जस्ता पूर्वाधार विकासमा जोड दिइनेछ।
- विकास निर्माणको कार्यलाई तोकिएको समय र निर्धारित मापदण्ड तथा गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ।
- लक्ष्मीनियाँ गा.पा.क्षेत्र भित्रका मुख्य मुख्य सडकहरु पक्की गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
- पूर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्री, वालमैत्रि, वातावरण मैत्री अवधारणा अवलम्बन गरिनेछ।
- गा.पा.को सवै वडाहरुमा ठुला योजनाहरु सडक ,खानेपानी ,सिचाई एंवम अन्य पूर्वाधार निर्माणको डि.पि.आर.तयार गरिनेछ।
- आवधिक गाउँ विकास योजना Village Development Planning, भु-उपयोग योजना ,प्रकोप व्यवस्थापन योजना, भवन निर्माण मापदण्ड, सार्वजनिक यातायात गुरुयोजना एंवम महत्वपूर्ण योजनाको डि.पि.आर. तयार गरी संघीय एवं प्रदेश सरकार सँग समन्वय गरी कार्यान्वयनमा ल्याईनेछ।
- ऐतिहासिक एवं धार्मिक ,सांस्कृतिक महत्वका पोखरीहरुलाई पर्यटकीय क्षत्रेको रुपमा विकास गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका अधुरा र क्रमागत योजना पूरा गर्ने कार्यलाई पहिलो प्राथमिकता दिईनेछ।

### झ.) वन, वातावरण तथा विपद् व्यवस्थापन

- वातावरण संरक्षण तथा बाढी पहिरो न्युनीकरणका लागि वृक्षारोपन कार्यक्रमलाई निरन्तरता दिइने छ।
- पक्की र कालोपत्रे सडकहरुलाई वृक्षारोपन गरि सौन्दर्यीकरण गरिनेछ।



नागेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner

- बाढीपहिरोको लागी समयमै पूर्व तयारी तथा अन्य बन्दोबस्तीका समानहरु खरिद गरी तयारी अवस्थामा राख्ने कार्यलाई अगाडि बढाइनेछ ।
- प्लाष्टीकको जथाभावी प्रयोगलाई निरुतसाहीत गरिनेछ ।
- आधुनिक प्रयोगबाट फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

## त्र.) संस्थागत विकास, सेवाप्रवाह र सुशासन

- स्थानीय सुशासनको लागि पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको प्रवर्द्धन तथा सेवा सुविधाको प्रभावकारी वितरण गरिनेछ ।
- विश्वस्नीय र गुणस्तरिय लेखापरिक्षणको माध्यमबाट वित्तीय सुशासन कायम गर्न आन्तरिक लेखा परिक्षणको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- प्रचलित ऐन, नियमको प्रभावकारी कार्यान्वियन गरी सुव्यवस्था कायम गर्न वार्षिक कार्य योजना तर्जुमा गरी जनचेतना अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी बनाई सबै किसिमका तथ्याङ्क एकीकृत रुपमा उपयोग गर्न एकीकृत तथ्याङ्क प्रणाली लागू गरिनेछ ।
- वेवसाइटमा गाउँपालिकाको सबै सूचनाहरु अद्यावधिक गरी राख्ने व्यवस्थालाई अझ बढी सुदृढ गरिनेछ ।
- पंजिकरण व्यवस्थापनलाई सुदिृढिकरण गर्दै लगिनेछ ।
- लैङ्गीक मैत्री, बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ ।
- अगामी २ बर्ष भित्रमा गाउँपालिका भित्र वाईफाई जोन स्थापना गरि डिजिटल लक्ष्मीनियाँ गाउँपालिका घोषण गरिनेछ ।
- बिद्युतिय हाजिरी मेसिन, डिजिटल नागरिक वडा पत्र तथा गाउँपालिका भित्र संचालित हुने योजना तथा कार्यक्रमहरुका बारेमा डिजिटल सूचना बोर्डबाट नागरिकलाई सुचित गरिनेछ ।
- अनलाईन घटना दर्ता प्रणाली विकासमा जोड दिइनेछ ।
- सेवा प्रवाहमा सहजता ल्याउनको लागी गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा पर्याप्त फर्निचर, कम्प्यूटर, स्वच्छ खानेपानी, टेलिभिजन, वाई फाई, प्रतिक्षालय, नागरिक वडापत्र, सहायता कक्ष जस्ता सेवा प्रवाहका आधुनिक मुल्य मान्यताहरुलाई अवलम्बन गरिनेछ ।
- कर्मचारी, पदाधिकारीहरुको क्षमता विकासका लागी तालिमहरु संचालन गरिनेछ ।



ओमेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner

## अनुमानित आय व्यय तथा स्रोत व्यवस्थापन

आदरणिय सभा सदस्य ज्यूहरू

अव म यस सम्मानित सभा समक्ष आर्थिक वर्ष २०७८/०७९ को संसोधित यर्थाथ आय व्ययको हालसम्मको अवस्था र आगामी आ.व. २०७९/०८० को आर्थिक विधेयक र विनियोजन विधेयक प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## आर्थिक वर्ष २०७८/०७९ को विभिन्न क्षेत्रको यथार्थ अवस्था

१. पुर्वाधार आयोजना व्यवस्थापन :–

आ.व. २०७८।०७९ का लागि गाउँसभाले स्वीकृत एंव संशोधन गरेका आयोजनाहरु मध्ये ९० प्रतिसत भन्दा बढि आयोजनाहरु सम्झौता भैसकेका छन भने हाल सम्मको पुजिँगत खर्चको अवस्था करिव ७५ प्रतिसत रहेको छ। पुजिँगत प्रकृतिको आयोजनहरु सम्पन्न हुने चरणमा रहेको । अधिकांश आयोजनाहरु पि.सि.सि.ढलान, सामुदायिक भवन निर्माण, माटो ग्राभेल, कृषि सडक, कृषि विद्युतीकरण; खानेपानी तथा सिचाई संग सम्बन्धीत छन ।

२. राजश्व व्यवस्थापन :–

गाउँपालिकाले चालु आ.व. २०७८/०७९को लागि रु. २ करोड लाख राजश्व अनुमान गरेको २०७८ जेष्ठ मसान्त सम्म करिव ४० प्रतिसत राजश्व संकलन भएको अनुमान छ। सवारी साधन कर बाँडफाँड (प्रदेश सरकार) वापत प्राप्त हुनुपर्ने रु. ५० लाख अनुमान गरीएको भए तापनी हाल सम्म प्राप्त नभएको अवस्था छ। संघिय सरकार वाट प्राप्त हुने राजश्व मध्ये करिव ७० प्रतिसत रकम मात्र प्राप्त भएको अवस्था छ।



योगेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner

## अनुमानित व्यय तथा स्रोत व्यवस्थापन

सभा सदस्य ज्यूहरु,

अब म प्रस्तावित बजेट तथा कार्यक्रमहरुको लागि स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दैछु।

आ.व. २०७९/०८० का लागि रु ५५,६७,१०,६८३।०० विनियोजन गरेको छ। सो मध्ये चालू तर्फ ३८ प्रतिशत तथा पूजिगत तर्फ ६२ प्रतिशत रकम रहेको छ।

आदरणीय सभा सदस्य ज्यू
अब म आर्थिक विधेयक २०७९/०८० पेश गर्दछु। विस्तृत विवरण यसै विधेयकको अंगको रुपमा पेश गरेको छु।

### आम्दानी तर्फको सारांश

| सि.न. | श्रोत विवरण | अनुमानित रकम रु. | आधार | कै. |
|---|---|---|---|---|
| १ | वित्तीयसमानीकरण अनुदान(संघिय सरकार) | ११,६५,००,०००।०० | पत्रानुसार | |
| २ | राजस्वबाँडफाँड (संघिय सरकार) | ७,९३,००,०००। | पत्रानुसार | |
| ३ | वित्तीयसमानीकरण अनुदान (प्रदेश सरकार) | ८२,१४,०००।०० | पत्रानुसार | |
| ५ | रोयल्टीबाँडफाँड (संघिय सरकार) | ५०००।०० | अनुमान | |
| ७ | ससर्त अनुदान (संघिय) | १४,६०,००,०००।०० | पत्रानुसार | |
| ८ | सम्पुरक अनुदान (संघिय) | २,००,००,०००।०० | अनुमान मात्र गरीएको | |
| ९ | विषेश सनुदान (संघिय) | १,००,००,०००।०० | अनुमान मात्र गरीएको | |
| १० | ससर्त अनुदान (प्रदेश सरकार) | १,००,००,०००।० | चालु वर्षको आधारमा अनुमान | |
| ११ | सम्पुरक अनुदान (प्रदेश सरकार) | २०,००,०००।०० | चालु वर्षको आधारमा | |
| १२ | विषेश सनुदान (प्रदेश सरकार) | ३०,००,०००।०० | चालु वर्षको आधारमा | |
| | समजिक सुरक्षा तर्फ | १२,६६,९१,६८३।०० | चालु वर्षको आधारमा | |
| १४ | आन्तरीक राज्शव | १,५०,००,००० | अनुमान | |
| १५ | आ.व.०७७/०७८ को बाँकी अल्या सर्ने | २,००,००,०००।०० | अनुमान | |
| | जम्मा | ५५,६७,१०,६८३।०० | | |



जोगेन्द्र मिश्र
(अध्यक्ष)

आदरणीय सभा सदस्य ज्यू
अब म विनियोजन विधेयक २०७९/०८० पेश गर्दछु । विस्तृत विवरण यसै विधेयकको अंगको रुपमा पेश गरेको छु ।

विनियोजन विधेयक २०७९/०८० को संक्षेप निम्नअनुसार रहेको छ ।

| सि.न. | श्रोत विवरण | जम्मा रु. | क्षेत्रगत बाडफाँड ( रु.) | कै. |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका चालु खर्च तर्फ | ८,६७,१२,०००।०० | संघ र प्रदेशको राजश्व बाँडफाँड | |
| २ | आर्थिक विकास तर्फ | १,००,००,०००।०० | | |
| ३ | सामाजिक विकास तर्फ | ३,००,००,०००।०० | | |
| ४ | पुर्वाधारविकास तर्फ | ११,९३,०७,०००।०० | | |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ | २०,००,०००।०० | | |
| ६ | संस्थागत विकास तथा सेवाप्रवाह तर्फ | ५०,००,०००।०० | | |
| ७ | समपुरककोष तर्फ | २,५०,००,०००।०० | | |
| ८ | सबै सशर्त अनुदान | १४,६०,००,०००।०० | सशर्त प्रकृतीको | |
| ९ | मर्मत सम्भार कोष | ५०,००,०००।०० | | |
| | समजिक सुरक्षा तर्फ | १२,६६,९१,६८३।०० | सशर्त प्रकृतीको | |
| १० | विपद व्यवस्थापन कोष | १०,००,०००।०० | | |
| | जम्मा | ५५,६७,१०,६८३।०० | | |



भोलेन्द्र मिश्र
(अध्यक्ष)

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको कार्यान्वयनले उपलब्ध साधन तथा स्रोतको महत्तव उपयोग र समन्यायीक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च आर्थिक बृद्धि हुने अपेक्षा गरेको छु ।

वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको सामना गर्न हामी सबै कटिवद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्जवल भविष्य निर्माणको लागि आशावादी बनौं ।

उल्लेखित नीति कार्यान्वयन गर्ने आवश्यक पर्ने कार्यविधिहरु आ.व. ०७९/०८० भित्रै स्वीकृत गरी.कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

उल्लेखित नीति तथा कार्यकमहरु लक्ष्मीनियाँ गाउँपालिका मात्रैको प्रयासले कार्यान्वयन हुन सक्दैन यसका लागि संघ, प्रदेश सरकारको आड र भरोसा, विकास साझेदारहरुको सहकार्य, सबै तहका जनप्रतिनिधिहरु, सबै राजनीतिक दल, उद्योगी व्यव्सायी, विभिन्न सरकारी, गैर सरकारी निकाय संघ संस्था, सामाजिक अभियन्ता, निर्माण व्यवसायी लगायत सम्पूर्ण गाउँ बासी आमा, बाबु ,दाजुभाई ,दिदिबहिनीहरुको साथ सहयोग र सकियता, खबरदारी अनि रचनात्मक आलोचना समेत प्राप्त भएमा मात्र कार्यन्वयन सफल हुने हुदाँ यस अवसरमा त्यस प्रकारको सहयोगका लागि विनम्रता पूर्वक अनुरोध गर्दै प्रस्तुत नीति तथा कार्यकम तैयार गर्न सहयोग गर्ने सम्पुर्ण जनप्रतिनिधि, कर्मचारीहरु लगायत सम्पुर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद!!!

मितिः- २०७९ असाढ १० गते

**भोगेन्द्र मिश्र**

**गाउँपालिका अध्यक्ष**



भोगेन्द्र मिश्र
(अध्यक्ष)

CamScanner